# नेपाल सरकार,

## गृह मन्त्रालय,

## जिल्ला प्रशासन कार्यालय, सल्यानका

श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको कार्यकाल


(५ महिना २३ दिन : २०७७/०५/२१ देखि २०७७/११/१४ गतेसम्म) मा नियमित

कार्यका अतिरिक्त

भएका नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरूको सूची

तथा

भावी कार्यदिशाको विवरण




<u>तयार गर्ने</u>

जिल्ला प्रशासन कार्यालय, सल्यान ।

नेपाल सरकार,

गृह मन्त्रालय,

जिल्ला प्रशासन कार्यालय, सल्यानका

श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको कार्यकाल

(५ महिना २३ दिन : २०७७/०५/२१ देखि २०७७/११/१४ गतेसम्म) मा नियमित

कार्यका अतिरिक्त

भएका नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरुको सूची

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १. | निःशुल्क फोटोकपि सेवा । | २०७७/०६/१५ | मिति २०७७/०६/०४ गते आइतबार श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले कार्यालयको स्टाफ मिटिङ तथा कार्यालय प्रमुखको बैठकमा सेवा प्रवाहमा नूतन अभ्यास तथा केही उत्कृष्ट कार्यको शुभारम्भ गर्नुपर्दछ भन्ने सन्दर्भमा दिनु भएको उत्साहवर्द्धक निर्देशन र लिखित रूपमै भएको निर्णयअनुरूप जिल्ला प्रशासन कार्यालयका लेखापाल श्री टेकबहादुर खत्रीले ल्याउनु भएको प्रस्ताव उपर श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले पूर्ण समर्थन जनाई निज लेखापाललाई धन्यवाद् दिँदै निःशुल्क फोटोकपि सेवा तत्काल कार्यान्वयनमा ल्याउनु भएको ।<br><br>भुँईतलाको हेल्प डेस्कसँगै निःशुल्क फोटोकपि सेवाको सूचना बोर्ड टाँस गरी सेवा प्रवाहमा नयाँ शुरूवात गरिएको । यसबाट गरिब, निमुखा व्यक्ति तथा अपाङ्गता भएका व्यक्ति अन्यत्र गई फोटोकपि गर्नुपर्ने बाध्यताको अन्त्य गरी सेवालाई नागरिक एवम् अपाङ्गतामैत्री तुल्याई समावेशी सेवाको नीतिलाई आत्मसात् गरिएको । अन्य कार्यालयमा पनि यस्तो अभ्यास गर्न बैठकमार्फत निर्णय गरी कार्यान्वयनका लागि पठाइएको । |
| | शिशु स्याहार तथा स्तनपान कक्ष । | २०७७/१०/२९ | विशेषतः महिला सेवाग्राहीलाई लक्षित गरी महिला एवम् बालअधिकारमैत्री सेवा प्रवाह गर्न प्रमुख जिल्ला अधिकारीको सोच अनुरूप कार्यालयको बाहिरी गेटको छेउमा जोडिएको भुँइतलाको कोठामा शिशु स्याहार तथा स्तनपान कक्ष स्थापना गरी सञ्चालनमा ल्याइएको ।<br>यो जिल्ला प्रशासन कार्यालय, सल्यानमा नयाँ सुरूवात एवम् पहिलो पटक गरिएको कार्य हो । कार्यालय प्रमुखको बैठकमा जिल्ला हुलाकमा यस्तो व्यवस्था भइसकेको हुँदा अन्य कार्यालयहरूलाई यस्तो व्यवस्था गर्न आदेश गरिएको र जिल्ला प्रहरी कार्यालयले पनि यस्तो व्यवस्था भरखरै सुरूवात गरिसकेको । |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | कार्यक्रम सञ्चालन पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था । | २०७७/०८/१६ | जिल्लाभित्र हुने जुनसुकै कार्यक्रमको आधिकारिक र विस्तृत सूचना प्राप्त गरी त्यस्ता कार्यक्रममा सुरक्षाको भरपर्दो प्रबन्ध गर्न तथा कार्यक्रम आयोजकलाई समेत जिम्मेवार तुल्याई त्यस्ता कार्यक्रमलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने सोचस्वरूप प्रमुख जिल्ला अधिकारी स्वयम्ले यस कार्यको लागि पूर्वस्वीकृति फारामको विकास गरी कार्यान्वयनमा ल्याउनु भएको ।<br>यसका लागि कार्यालयको वेभसाइटमा पूर्वस्वीकृति फाराम राखी सबै निकायहरूलाई पत्राचार एवम् वेभसाइटमा सार्वजनिक सूचना जारी गरी अनलाइन रूपमै कार्यक्रमको पूर्वस्वीकृति लिन सकिने व्यवस्था लागू गरिएको । हालसम्म १३ वटा कार्यक्रमका लागि पूर्वस्वीकृति प्रदान गरिएको । |
| | खानेपानी र वन सीमानाको २०५४ सालदेखिको विवादको सहज निरूपण । | २०७७/०८/२२ | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको सक्रियतामा कुमाख गाउँपालिकाको वडा नं. १ र वडा नं. २ का बीचमा खानेपानीको मुहान र वन क्षेत्रको सीमाना एवम् उपभोगका सम्बन्धमा २०५४ सालदेखि सिर्जित विवादलाई जिल्ला प्रशासन कार्यालयमा सुरक्षा निकायका प्रमुख एवम् सरोकारित पक्षहरूको सहभागितामा बैठक राखी निरूपण गरिएको ।<br>२०५४ सालदेखि उठान भई सामाजिक द्वेष, कलह, वैमनस्य र आपसी जीउज्यानको समेत् खतरा हुने गरी विकराल रूप लिएको उक्त समस्याको हल गरी शान्ति, सुरक्षा र सुव्यवस्थालाई प्रभावकारी बनाइएको । |
| | इजलाश कक्ष सञ्चालन । | २०७७/०८/२५ | प्रशासनिक निर्णय र न्यायिक निर्णय एकै ठाउँबाट नगर्ने नीतिलाई कार्यान्वयन गर्न इजलाश कक्षबाट न्यायिक निर्णय/फैसलागर्ने परिपाटीको सुरूवात गरिएको ।<br><br>पहिलो पटक सरकारका तर्फबाट विद्वान अधिवक्ता श्री भीमसेन काफ्ले र प्रतिवादीका तर्फबाट निजी विद्वान अधिवक्ता श्री थलबहादुर भण्डारीको बहस सुनी श्रीमान् प्रमुख जिल्ला अधिकारी तथा मुद्दा हेर्ने अधिकारीज्यूबाट निर्णय/फैसला भएको।<br><br>२०५४ सालको मुद्दा फैसलामा प्रतिवादी मोहन ढकालको जग्गा धरौटी नराखी निजको सहोदर दाजु वेदप्रसाद शर्माको जग्गा धरौटी राखी हालसम्म फुकुवा नभएको हुँदा वृद्ध वेदप्रसाद शर्मालाई घरव्यवहार चलाउन अन्याय भएको हुँदा निज मोहन ढकालको नामको सबै जग्गा धरौटी लिई मालपोतमा रोक्का राख्न लगाई जग्गा धरौटी वापतको रकम ३८,००० (अठतीस हजार) समेत राज्य कोषमा असुल उपर हुने गरी वेद प्रसाद शर्माको जग्गा फुकुवा गरी न्याय दिलाइएको । |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | सरकारी कार्यालयमा तालाबन्दी गर्ने अराजक प्रवृत्तिको समूल अन्त्य । | २०७७/०६/२६ | विभिन्न माग राखी सरकारी कार्यालयलाई तालाबन्दी गर्ने गैरकानूनी र अराजक गतिविधिको समूल अन्त्य गर्न श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको सोच अनुरूप जिल्ला सुरक्षा समितिबाट निर्णय गरी कामकारवाही अघि बढाइएको र सो अनुरूप जिल्ला प्रहरी प्रमुखलाई तालाबन्दी गर्ने पक्षलाई तत्काल सम्झाई बुझाई ताला खोल्न लगाउने र त्यसो गर्दा नमान्नेलाई स्थानीय जनप्रतिनिधिको रोहवरमा प्रहरीले तालावन्दी खोली ताला लगाउने पक्षलाई तत्काल नियन्त्रणमा लिई कानूनबमोजिम कारवाही गर्ने आदेश गरिएको ।<br>करिब ४ महिना लामो अवधिदेखि तालाबन्दी गरिएको भानुभक्त मा. वि. छत्रेश्वरी दमाचौरको तालाबन्दी सहमति गराई खोलिएको, त्रिवेणीको जनतामा मा.वि. काभ्रोको तालाबन्दी प्रहरीमार्फत तत्काल तोड्न लगाइएको र बजेट र अनियमितता भएको भनी छत्रेश्वरी गाउँपालिकाको सबै वडामा लगाइएको तालाबन्दी खोली सेवा प्रवाह सुचारू गरिएको तथा लामो समयदेखि बजेट आउन नसकेकोमा बजेट ल्याउन छत्रेश्वरी गाउँपालिकाको आवश्यक समन्वय गरिएको र सोही अनुरूप बजेट ल्याई हाल कार्यान्वयन आएको । |
| | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र समुद्घाटन एवम् सञ्चालन । | २०७७/१०/२६ | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र हालसम्म सञ्चालनमा नआएकोमा श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट उच्च प्राथमिकतामा राखी NEOC र नेपाल रेडक्रस सोसाइटी, सल्यान शाखासँग प्रभावकारी समन्वय गरी आवश्यक स्रोतको प्रबन्ध मिलाई जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालनमा ल्याइएको ।<br>यसका लागि श्रीमान् प्रजिअज्यूबाट मिति २०७७/०९/२३ गतेको बैठकको निर्णय नं. ५ मा रेडक्रमबाट प्राप्त २ लाख ९४ हजार बराबरको प्राप्त आवश्यक सामग्री अनुमोदन गराई तत्काल DEOC सञ्चालन गर्ने निर्णय गरिएको ।<br><br>यसको स्तरोन्नति गर्न NEOC सँग गुणस्तरीय सञ्चार संयन्त्रको माग गरिएको । हाल नेपाल प्रहरीबाट १ र सशस्त्र प्रहरी बल नेपालबाट १ गरी २ जना जनशक्ति माग गरी नियमित रूपमा DEOC मा बसी विपद्सम्बन्धी सूचना संकलन, विश्लेषण गरी सम्बन्धित निकायहरूमा जाहेर गर्ने गरिएको ।<br>जिल्लाभित्रको विपदसम्बन्धी सम्पूर्ण जानकारी लिने/दिने संयन्त्रको रूपमा DEOC क्रियाशील रहेको । |

क्षेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | **शितलपाटी खानेपानी संस्था र जिल्ला प्रशासन कार्यालय, सल्यानबीच लिज करार सम्झौता** | २०७७/०६/१४ | वर्षौंदेखि जिल्ला प्रशासन कार्यालय सल्यानको कम्पाउण्डमा पानी टंकी निर्माण गरी शितलपाटी खानेपानी संस्थाले जिल्ला भरि पानी बिक्री वितरण गरी सेवा प्रवाह गर्ने गरेको र जिल्ला प्रशासन कार्यालय, सल्यानले समेत ग्राहक भई सरकारी खर्चमा पानीको भारी महशुल तिरी रहेको स्थिति थियो ।<br>श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले यस सम्बन्धमा उच्च चासो व्यक्त गर्दै हालसम्म केही सम्झौता भएको छ/छैन र किन सम्झौता नगरी हाम्रो कम्पाउण्डको जग्गा निःशुल्क, सुरक्षा प्रबन्ध निःशुल्क तर जिल्ला प्रशासनका कार्यालय सल्यानलाई पानी चाहिँ किन निःशुल्क नहुने र किन करार सम्झौता नगर्ने भनी यो करार सम्झौता गरी १५ युनिटसम्म पानी जिल्ला प्रशासन कार्यालयले निःशुल्क उपभोग गर्न पाउने र पछि ३ लाख लिटरको टंकी सञ्चालनमा आएपछि करार सम्झौता गरी पानी पूर्ण रूपले निःशुल्क गर्ने सहमति गरिएको ।<br>हाल ३ लाख लिटरको टंकी समेत सञ्चालनमा आइसकेकोले जिल्ला प्रशासनका कार्यालयलाई पानी पूर्ण निःशुल्क गराई जिल्ला प्रशासनको जग्गा र सुरक्षा व्यवस्था निःशुल्क दिएर पनि पानीको चर्को महशुल भुक्तानी गर्नुपर्ने बाध्यताको अन्त्य गरी सरकारी खर्चको दुरूपयोग हटाउन तत्काल आजभोलि नै पुनः करार सम्झौता गर्ने सहमति भएको । यसलाई तत्काल कार्यान्वयनमा ल्याउने सोच रहेको । |
| | **कपुरकोट कोइला सडक खण्डको दुरावस्था र ट्रिपरको अनियमित प्रयोगको आतङ्क मानिएको विवादको निरूपण** | २०७७/०९/१२ | सल्यान जिल्लाको प्रवेशद्वार मानिने कपुरकोट बजारदेखि कोइला बजारसम्मको रोल्पा सिमेन्टको ट्रिपर ओहोरदोहोर गर्ने सडक खण्डमा ट्रिपरको कारण बाटो, बस्ती र पर्यावरण जोखिममा रहेको भनी महिनौँ देखि रोल्पा सिमेन्ट, स्थानीयबासी र ट्रिपर व्यवसायीबीच ज्यान मारामार हुन सक्ने गरी वैमनस्य र द्वन्द्व सिर्जना भएको ।<br>श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको स्वःस्फूर्त आव्हानमा जिल्ला प्रशासनका कार्यालयमा बैठंक आयोजना गरी सरोकारित पक्षहरू झिकाई शान्ति सुरक्षा र सुव्यवस्थाको ठूलो चुनौति बन्न पुगेको उक्त समस्याको सौहार्दपूर्ण, न्यायिक र निष्पक्ष निर्णयमार्फत समाधान गरिएको ।<br>रोल्पा सिमेन्टले खालीबजारदेखि कपुरकोट बजारतर्फको १ कि.मि. ग्राभेल गर्ने, ट्रिपर व्यवसायीले सडकमा पानी लगाउने र उक्त सडकमा मर्मतका लागि आवश्यक सामग्री ओसारपसार गर्ने, सडक डिभिजन कार्यालय दाङले सडक मर्मतमा आवश्यक इक्विपमेण्ट र इन्धन सहयोग गर्ने तथा बाँकी सडक खण्डको आवश्यक मर्मतको प्रबन्ध कुपरकोट गाउँपालिकाले गर्ने भन्ने सहमतिसहितको निर्णय गराइएको ।<br>यो निर्णय कार्यान्वयनको लागि पटक पटक पहल भइरहेको |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | कपुरकोट बजारको भूस्थल तथा जमिन भास्सिएको र सोबाट हुन सक्ने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा । | २०७७/०८/२५ | कुपरकोट बजारको भूस्थल धस्सिन गएको सम्बन्धमा मिति २०७७/०८/२० गते श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू, जिल्ला प्रहरी प्रमुखज्यू, सशस्त्र प्रहरी प्रमुखज्यू र राष्ट्रिय अनुसन्धान प्रमुखज्यू तथा सम्बन्धित गाउँपालिकाको प्रतिनिधिको रूपमा वडा नं. ३ का वडाध्यक्षसहितको टोलीबाट स्थलगत अनुगमन गरिएको ।<br>तत्पश्चात् मिति २०७७/०८/२५ गतेको कपुरकोट कोइला सडकखण्डको बैठकमा नै माइन्यूट गरी अविलम्व कपुरकोट गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिबाट विस्तृत विवरण तयार गरी निर्णय गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने भन्ने निर्णय भएकोमा हालसम्म कपुरकोट गाउँपालिकाले उक्त निर्णय गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पेश नगरेको हुँदा कामकारवाही हुन नसकेको ।<br>यस सम्बन्धमा श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको निर्देशनमा जिल्ला प्रशासन कार्यालयबाट उक्त गाउँपालिकालाई स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयसहित जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्न पटकपटक आग्रह गरिएको ।<br>श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको अक्ष्यक्षतामा बसेको २०७७/०९/२३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय नं. ७ मा कपुरकोट बजारको विपद् जोखिम सम्बन्धमा निर्णय गराई यथाशिघ्र स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्न लगाइएको । हालसम्म उक्त निर्णय पेश नभएको । |
| | जिल्लामा रात्रीकालीन समयमा समेत सञ्चालन हुने हेलिप्याड निर्माण सम्बन्धमा । | २०७७/०५/२९<br>र<br>२०७७/०९/२३ | मिति २०७७/०५/२९ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय नं. ८ मा जिल्लामा हुन सक्ने आपतकालीन हवाई उद्धारको प्रबन्ध मिलाउन रात्रीकालीन समयमा समेत् हेलिकप्टरबाट हवाई उद्धार गर्न २४ सै घण्टा सञ्चालन हुने गरी हेलिप्याड निर्माण गर्न स्थानीय तहसँग समन्वय गर्ने निर्णय भएको ।<br>मिति २०७७/०९/२३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय नं. ६ मा जिल्लामा हुने विपद्बाट तत्काल उद्धार गर्न सबुज गण सल्यानको प्राविधिक सहायता र सम्बन्धित पालिकाको सहयोगमा हेलिप्याड निर्माण गर्ने कार्य अघि बढाउने र यस अघि नै हेलिप्याड निर्माण भइसकेको हकमा सोको सम्बन्धित पालिकाले उचित रेखदेख र मर्मत सम्भार गर्ने निर्णय भएको ।<br>साथै, शारदा नगरपालिकाको सहयोगमा सबुज गण, सिमखर्कमा रात्रीकालीन हवाई सञ्चालन हुने हेलिप्याड निर्माण गर्न सबुज गणको गणपति श्री कञ्चन कृष्ण बस्नेतज्यूबाट आवश्यक व्यवस्था भइरहेको जानकारी प्राप्त भएको । |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | जिल्ला प्रहरी कार्यालय, सल्यानको नवनिर्मित भवन पहिरो जोखिममा रहेको सम्बन्धमा । | २०७७/०९/२३ | जिल्ला प्रहरी कार्यालय, सल्यानको नवनिर्मित भवन पहिरोको जोखिम रहेको सम्बन्धमा जिल्ला प्रहरी प्रमुख श्री गोविन्द थापालाई खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सल्यानका इन्जिनियर झिकाई लाग्ने खर्चका लगत इस्टिमेट तयार गर्न लगाई श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट उक्त लगत इस्टिमेट सहितको अवस्था दर्शाउन मिति २०७७/०९/२३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठक आयोजना गरिएको ।<br>उक्त बैठकको निर्णय नं. ४. मा जिल्लाका १० वटै पालिकाले स्वैच्छिक रूपमा सहयोग गर्ने र प्राप्त सहयोगबाट अपुग रकम प्रदेश विपद् व्यवस्थापन समिति, सुर्खेतमा लेखी पठाउने निर्णय भएको ।<br>त्यस्तो खर्च गर्दा जिल्ला प्रहरी कार्यालय सल्यानले वित्तीय सुशासन कायम हुने गरी गर्नुपर्ने निर्णय गरिएको । साथै, यस निर्णय कार्यान्वयनका लागि आवश्यक Follow Up भइरहेको । |
| | बैंक तथा वित्तीय संस्थाहरूको सुरक्षा तथा व्यावसायिक सामाजिक उत्तरदायित्वका सम्बन्धमा । | २०७७/१०/२३ | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको सोच एवम् सक्रियतामा यस जिल्लाका निम्ति हालसम्मकै पहिलो बैठकको रूपमा यस्तो बैठक आयोजना गरिएको ।<br>बैंक तथा वित्तीय संस्थाहरूको सुरक्षा प्रबन्ध मजबुत बनाउन, सम्पत्ति शुद्धीकरण लगायतका बैंकिङ्ग कसूरको सम्बन्धमा कामकारवाही गर्न, वित्तीय साक्षरता र सहभागितामा बढोत्तरी ल्याउन र Corporate Social Responsibility को जिम्मेवारी पूरा गर्न तथा सो सम्बन्धमा दोहोपना नहुने गरी कार्य गर्न यस बैठकद्वारा महत्वपूर्ण निर्णय भएको ।<br>यसै गरी यस बैठकलाई निरन्तरता दिन प्रत्येक ३/३ महिनाको पहिलो बुधबार १:०० बजे दिउँसो बैठक बस्ने निर्णय भएको । |
| | कार्यालय प्रमुखको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा । | २०७७/११/०३ | निर्णय हुनु मात्र पूर्ण उपलब्धि हैन र. निर्णयको पूर्ण कार्यान्वयनले मात्र यसलाई पूर्णता दिन्छ भन्ने सत्यलाई मनन् गरी श्रीमान् प्रजिअज्यूबाट कार्यालय प्रमुखका बैठकमा भएका निर्णयको अनिवार्य कार्यान्वयनका लागि मिति २०७७/११/०३ को बैठकको निर्णय नं. १ मा विगतका बैठकको निर्णय कार्यान्वयनको प्रगति विवरण पेश गर्ने सम्बन्धमा ढाँचा तोकिएको र त्यस्तो ढाँचामा प्रत्येक महिनाको २ गते अर्थात् कार्यालय प्रमुखको नियमित बैठक हुने दिनको अघिल्लो दिन निर्णय कार्यान्वयनको प्रगति जिल्ला प्रशासन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएको ।<br>यसबाट निर्णय कार्यान्वयन उत्कृष्ट सार्वजनिक सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, सुशासन, विधिको शासन, उत्तम अभ्यास, समन्वय, अनुशासन र आचरण, वित्तीय जवाफदेहिता जस्ता विषयमा उल्लेखनीय सुधार हुने निर्णय गरिएको । |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | सेवा प्रवाहमा सुधार तथा उत्तम अभ्यास, विकास र अनुशरण/अवम्वन सम्बन्धमा । | २०७७/०६/०४, २०७७/०७/०३, २०७७/०८/०३, २०७७/०९/०३, २०७७/१०/०४ र २०७७/११/०३ | **मिति २०७७/०६/०४** को बैठकको निर्णयबाट सुशासन, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाह, सूचनाको हक कार्यान्वयन, सेवाग्राहीमैत्री कार्य संस्कृति, विद्युतीय शासन, अनुशासन र आचरण लगायतका विषयमा महत्वपूर्ण निर्णय भएको । यसबाट जिल्लाभित्रका सरकारी कार्यालयको सेवा प्रवाहमा गुणात्मक सुधार आएको ।<br>**मिति २०७७/०७/०३** गतेको बैठकको निर्णयबाट अन्य विषयका अतिरिक्त भ्रष्टाचारजन्य कसूरमा कारवाही गरिने तथा भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीति अनुरूप कार्य गर्ने निर्णय भएको र सोही अनुरूप जिल्लामा कार्य हुने गरेको ।<br>**मिति २०७७/०८/०३** गतेको बैठकको निर्णयबाट अन्य विषयका अतिरिक्त निर्णय नं. ३ मा Best Practices को विकास गरी कार्यसम्पादन गर्ने निर्णय भएको र सोहीअनुरूप कार्य भएको ।<br>**मिति २०७७/०९/०३** गतेको बैठकबाट समस्याहरूको समाधानका सम्बन्धमा कार्यालयहरूबीच सहकार्यात्मक रणनीति अख्तियार गर्ने तथा सूचनाको हक कार्यान्वयनलाई जीवन्त तुल्याउने निर्णय गरिएको ।<br>**मिति २०७७/१०/०४** गतेको बैठकबाट अन्तर कार्यालयीय समन्वय, विद्युतीय सेवा र सुशासन तथा असल अभ्यासको विकास र अवलम्वनको सम्बन्धमा निर्णय भएको ।<br>**मिति २०७७/११/०३** गतेको बैठकबाट निर्णय कार्यान्वयनको प्रगति, कार्यालयका मुख्य समस्याहरूको पहिचान र सम्बोधन, पोशाक तथा परिचयपत्र, कोभिडमैत्री कार्यालय व्यवस्थापन, सेवाग्राहीमैत्री कार्यसंस्कृति, विद्युतीय सेवा/शासन, समन्वय, बैठकको मिति तथा समयतालिका, अनुशासन तथा आचरण सेवा प्रवाह, सुशासन, निर्णय निर्माण, भ्रष्टाचार नियन्त्रण इत्यादि विषयका सम्बन्धमा महत्वपूर्ण निर्णय गरी कार्यान्वयनमा ल्याइएको ।<br>**२०७७ फागुन ०३** गतेको बैठकको निर्णय नं. १० बमोजिम उत्कृष्ट कर्मचारी छनौट गरी कार्यालय प्रमुखले पुरस्कृत गर्ने र उत्तम अभ्यास गर्ने कार्यालयका प्रमुखलाई श्रीमान् प्रजिअज्यूबाट प्रजातन्त्र, गणतन्त्र, संविधान, निजामती सेवा जस्ता राष्ट्रिय दिवसका दिन पुरस्कृत गर्ने निर्णय भएको र २०७७ साल फागुन ७ गते श्रीमान् प्रजिअज्यूबाट ३ जना कार्यालय प्रमुख, १ जना प्रधानाध्यापक र जिल्ला प्रशासन कार्यालयका १ जना कर्मचारीलाई प्रशंसापत्र प्रदान गरी पुरस्कृत गरिएको ।<br>**२०७७ फागुन ०७** गतेको बैठकबाट प्रजातन्त्रका तीन खम्बा कानूनी शासन, सुशासन र मानव अधिकारका आदर्श वाक्य तय गरी सबै कार्यालयबाट कार्यसम्पादन गर्ने निर्णय भएक |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | **NGOs/INGOs को समन्वय बैठक** | २०७७/११/१० | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको स्वसक्रिय चिन्तन एवम् क्रियाशीलताको उपजस्वरूप गैसस र सोको प्रमुखबीच परिचय एवम् अन्तर्क्रिया गरी सरकार र गैसस क्षेत्रबीचको सुमधुर समन्वय र सहकार्यमा शासकीय सुधारलाई जोड दिन जिल्लामा पहिलो पटक यो बैठक आयोजना गरिएको हो ।<br>यस बैठकमार्फत गैसस क्षेत्रको मुख्य समस्या, तिनको समाधान र गैसस क्षेत्रको प्रशासन तथा राज्यप्रतिको अपेक्षा बारे छलफल एवम् निर्णय गरिएको ।<br>गैसस क्षेत्रलाई संविधानको भाग ४ धारा ५१ को खण्ड (ञ) को उपखण्ड (१४) अनुरूप कार्य गर्न निर्देशन दिइएको । साथै, गैसस क्षेत्रको समन्वय बैठक प्रत्येक २ महिनाको दोस्रो हप्ताको बुधबार १:०० बजे जिल्ला प्रशासन कार्यालयमा बस्ने निर्णय गरी निरन्तर समन्वय र सहकार्यमा जोड दिइएको । |
| | **प्रेस नोट तथा वेभ एवम् फेसबुक पेजको अद्यावधिक अभ्यास सम्बन्धमा ।** | २०७७/ | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको आदेशानुसार जिल्ला प्रशासनबाट भएका महत्वपूर्ण निर्णय/कार्यका सम्बन्धमा प्रेस नोट जारी गर्ने प्रचलनको शुभारम्भ गरिएको । यसरी प्रेस नोट जारी गर्दा सञ्चारकर्मीहरूलाई जानकारी हुने र सञ्चारकर्मीबाट सञ्चारमाध्यम हुँदै सबै जनमानसमा पुग्ने विश्वास राखिएको ।<br><br>यसका साथै, श्रीमान् प्रजिअज्यूको कार्यकाल सुरूभएदेखि कार्यालयको वेभसाइट र फेसबुक पेजलाई अद्यावधिक गरिएको । हरेक बैठकका निर्णयहरू वेभसाइट, फेसबुक पेज र बैठकका सहभागीको मेलमा तुरून्त पठाउने प्रबन्ध मिलाइएको ।<br><br>यसबाट जिल्ला प्रशासनका कार्यालय तथा जिल्लाको प्रशासनिक गतिविधिको बारेमा सबैलाई जानकारी हुने तथा सूचनाको हकको कार्यान्वयनका सँगसँगै बैठकका निर्णय कार्यान्वयनलाई समेत शिघ्रता र प्रभावकारिता आउने विश्वास लिइएको ।<br><br>यथार्थमै पनि यस खालको नयाँ शुरूवात एवम् वेभसाइट र फेसबुकको अद्यावधिक अभ्यासले सूचना सम्प्रेषण, सूचनाको हक कार्यान्वयन र सेवा प्रवाहमा सुधार ल्याउन एवम् निर्णय कार्यान्वयन गर्न सहज भएको । सेवा प्रभावकारिता वृद्धि भएको छ । |

क्षेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | जटिल प्रकृतिका नागरिकताको वितरण | २०७७/१०/१५ | यसभन्दा अघि नागरिकता दिने अधिकारीले तिमीलाई नागरिकता दिन म सक्दिनँ । तिम्रो बाबुले मान्नु हुन्न । तिमी बिहे गर । अनि तिम्रो श्रीमान्‌को नामबाट नागरिकता बनाऊँ समेत भनेर करिब ५ वर्षदेखि फर्काइएको चेली तथा नागरिकताविहीन बन्न पुगेकी एक महिला वनगाड कुपिण्डे नगरपालिका घर भएकी अन्जु पुन वर्ष २१ लाई यही २०७७ माघ १५ गते श्रीमान् प्रजिअज्यूबाट निजको पितालाई झिकाई नागरिकता दिनु भएको ।<br>अन्य नागरिकता सहायक प्रजिअबाट जारी हुने भए तापनि निज पुनको नागरिकतामा श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट हस्ताक्षर एवम् प्रमाणित गरी जारी गर्नु भएको ।<br>यस्तै किसिमका अन्य जटिल नागरिकताका विषयहरू जसमा आफन्त वा पिता सनाखत बस्न नआउने स्थितिमा प्रहरी पठाई तुरून्त झिकाई नागरिकता दिने प्रचलनको शुभारम्भ भएको । यसबाट नागरिकता विहीन भई बस्नुपर्ने अवस्थाको अन्त्य भएको ।<br>यसबाट प्रशासनप्रतिको नागरिकको भरोस वृद्धि हुन गएको र त्यसरी आफ्नै सन्ततिलाई नागरिकता दिन आनाकानी गर्ने तथा दुःख दिने प्रवृत्ति क्रमशःनिरूत्साहित भएको । |
| | प्रहरी युनिटको निरीक्षण, निर्देशन र अस्थायी/प्रहरी पोष्ट निर्माणमा पहल | विभिन्न मितिमा | जिल्लाका ३१ वटा प्रहरी युनिटमा विभिन्न मितिमा प्रजिअ र प्रनाउ दुवै उपस्थित भई रात्रीकालीन र दिवा दुवै सेसनमा प्रहरी युनिटको निरीक्षण भएको ।<br>करिव ९९% प्रहरी युनिटहरूको निरीक्षण गरी आवश्यक निर्देशन दिई सुरक्षा व्यवस्थामा प्रहरी कर्मचारीलाई उत्प्रेरित एवम् दत्तचित्त तुल्याइएको ।<br>साथै, स्यानिखालमा अस्थायी प्रहरी पोष्ट निर्माण गर्न पहल भइसकेको छ । खैराबाङ अस्थायी प्रहरी पोष्टलाई स्थायी बनाउन पहल भएको ।<br>सशस्त्र प्रहरी बल नेपाल बसोबास गरेको जग्गालाई सशस्त्र प्रहरीको नाममा भोगचलन ल्याउन (यस अघि वन कार्यालयको नाममा भोगाधिकार रहेको) जिल्ला सुरक्षा समितिबाट निर्णय गरी सम्बन्धित निकायमा पत्राचार गरी पठाइएको ।<br>प्रहरी कर्मचारीलाई नैतिक र सदाचारयुक्त भई कार्य गर्न निर्देशन दिइएको । प्रहरी कर्मचारीबाट प्रहरीबाट हुने सेवामा सुधार आएको । |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | नेपाली सेनाको OP निर्माण सम्बन्धमा | २०७७/११/०२ | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू र सबुज गण, सल्यानका गणपती श्री कञ्चनकृष्ण बस्नेतज्यूको सहमतिबमोजिम जिल्ला प्रशासन कार्यालय र सल्यान जिल्लाको सदरमुकाम सुरक्षाको प्रयोजनार्थ **OP** राख्ने निर्णय भएको । <br> उक्त **OP** को निर्माण सबुज गण, सल्यानको प्राविधिक तथा जनशक्तिगत सहयोग, पूर्वाधार कार्यालय, सल्यानको आर्थिक सहायतामा निर्माण गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट समन्वय एवम् निर्देशन भएको । <br> यसबाट सदरमुकाम तथा जिल्ला प्रशासनको सुरक्षा प्रभावकारी हुने विश्वास लिइएको । |
| | **JOC समुद्घाटन सम्बन्धमा** | २०७७/०६/२५ | जिल्ला सुरक्षा समितिको मिति २०७७/०६/२५ गतेको बैठकको निर्णयानुसार नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धानसहितको उपस्थिति रहने गरी नेपाली सेनाको अधिकृतको नेतृत्वमा संयुक्त कार्यात्मक इकाइ **JOC** गठन गरिएको । <br> यसको औपचारिक समुद्घाटन श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट जिल्ला सुरक्षा समितिको पदाधिकारीहरूको उपस्थितिमा गरिएको । <br> यसबाट शान्ति सुरक्षा तथा प्रतिबन्धित समूहसम्बन्धी सूचना संकलन र क्राइम म्यापिङ गरी कामकारवाही प्रभावकारी बनाउन योगदान पुगेको । |
| | **कविता बोहोराको हत्यासम्बन्धी** | २०७७/०११/०९ | २०७६/११/०२ मा भएको त्रिवेणी गा.पा.को काभ्रा घर भएकी वर्ष १६ की कविता बोहोराको हत्यासम्बन्धमा १ वर्षदेखि केही परिणाम आउन नसकेपछि श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको निर्देशनमा जिल्ला प्रहरी प्रमुख तथा प्र.ना.उ. श्री गोविन्द थापाज्यूले विशेष रूपले अनुसन्धान प्रारम्भ गर्नु भएको । <br> हत्या भएकी कविता केसीको पितालाई श्रीमान् प्रजिअज्यूबाट भेटघाट गरी यथाशिघ्र हत्यारा पत्ता लगाउने प्रतिबद्धता व्यक्त गर्नुभएको । <br><br> प्रजिअज्यू र प्रनाउज्यू दुवैद्वारा संयुक्त रूपमा अनुसन्धान टोलीलाई अनुसन्धानलाई शिघ्र तर निष्पक्ष रूपले सम्पन्न गर्न निर्देशन सहितको विफ्रिङ लिनु भएको । <br><br> प्रजिअज्यूको विशेष चासो र प्र.ना.उ. ज्यूको इमान्दार एवम् अनवरत अनुसन्धानबाट हत्यारा पत्ता लगाउन सफल भएको । हत्यारा छिमेकी १६ वर्ष सँगै अध्ययन गर्ने युवक रहेको । निजलाई कानूनबमोजिम कारवाही गर्न अनुसन्धानलाई गहन रूपले अघि बढाइएको । |



**हेमराज तामाङ**
**प्रमुख जिल्ला अधिकारी**

# भावी नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरुको सूची

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ हुने मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | वृद्धावृद्धा र रोगी लक्षित सेवाग्राहीमैत्री AC सहितको सेवाग्राही कक्षको निर्माण । | २ महिनाभित्र | यसका लागि पूर्वाधार विकास कार्यालय, सल्यानका इन्जिनियरबाट लगत इष्टिमेट तयार गरिएको र यसको कार्यारम्भ तुरून्त गर्न मिति २०७७/११/१० गते श्रीमान् प्रजिअज्यूको अध्यक्षता बसेको गैससको बैठकको निर्णय नं. ७ बमोजिम सबै गैससले यसका लागि ठूलो छाति र मन बनाई सहयोग गर्ने निर्णय भएको ।<br>उक्त AC सहितको सेवाग्राही कक्ष निर्माणमा सहयोग गर्ने गैसस र प्रमुखको नाम, रकम उल्लेख गरी ताम्रपत्र तयार गरी जिल्ला प्रशासनमा टाँस गर्ने व्यवस्था गर्ने सोच रहेको ।<br>यसले जिल्ला प्रशासन कार्यालय, सल्यानमा वृद्धावृद्ध र विपन्न एवम् रोगी नागरिकलाई सुविधायुक्त सेवाग्राही कक्षमा बसी सेवा लिने अवस्थाको सुनिश्चता हुने । यसबाट सरकार, कार्यालय र कर्मचारीप्रति जनताको भरोसामा वृद्धि हुने विश्वास लिइएको छ । |
| | पारदर्शी प्लाष्टिक ट्रष्टसहितको सेवाग्राही कक्षको निर्माण । | २ महिनाभित्र | यसका लागि पूर्वाधार विकास कार्यालय, सल्यानको इन्जिनियरबाट लगत इष्टिमेट तयार गरिएको । यसको लगत इष्टिमेट २ लाखभन्दा अलिकति मात्र बढी आएको हुँदा कार्यालयको पूँजीगत सुधारअन्तर्गतको बजेटले पुग्ने र सोको लागि खर्च गर्न सकिने भएकोले तत्काल काम थाल्न सुरूवात भएको ।<br>यसबाट घामपानीबाट जोगिई सुरक्षित र व्यवस्थित भई सेवा लिन पाउने सल्यानी नागरिकको अधिकारलाई सम्मान गर्न सकिने । यस कार्यबाट पनि सरकारप्रति जनताको श्रद्धा र विश्वासमा बढोत्तरी हुने अपेक्षा गरिएको । |
| | अत्याधुनिक प्रोजेक्टर र राउण्ड टेबलसहितको बैठक कक्ष निर्माण । | २ महिनाभित्र | यस लागि पूर्वाधार विकास कार्यालय, सल्यानका इन्जिनियरबाट लगत इष्टिमेट तयार भइसकेको ।<br>सबै पालिकाबाट बजेट माग गरी यसको कार्यारम्भ तुरून्त गर्न मिति २०७७/११/१९ गते बुधबार १:०० बजे जिल्ला प्रशासन कार्यालय, सल्यानमा सबै पालिकाका प्रमुखहरूको उपस्थिति हुने गरी विपद् व्यवस्थापन समितिको बैठक आयोजना गरिएको र सौही दिन यससम्बन्धी प्रस्ताव समेत पारित गरी कार्यान्वयनमा ल्याउने तयारी भएको ।<br>यसबाट जिल्लाको प्रशासकीय नेतृत्व गर्ने जिल्ला प्रशासन कार्यालयको कार्यवातावरण थप उत्कृष्ट हुने तथा कार्यालयको बैठक व्यवस्थापनमा प्रभावकारिता वृद्धि हुने लक्ष्य राखिएको |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ मिति : | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | **सिसि टिभिको व्यवस्था** | २ महिना भित्र | जिल्ला प्रशासनजस्तो उच्च प्रशासनिक र सुरक्षा निकायको नेतृत्व गर्ने कार्यालयमा हालसम्म सिसि टिभिको व्यवस्था नभएको विषयमा श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट उच्च चासो व्यक्त गर्दै यसको व्यवस्था तुरून्त गर्न पहल सुरू गर्नु भएको ।<br>आशा प्रोजेक्ट लगायतका अन्य निकायहरूसँग आवश्यक बजेट सहयोगमा अनुरोध गरी कार्यान्वयनमा ल्याउन आवश्यक कामकारवाही भइरहेको ।<br>२ वटा निकायबाट लगत इष्टिमेट तयार गर्न लगाई सो लगत इष्टिमेट तयार भइसकेको । यसका लागि ५२ इन्चको रेडक्रसबाट प्राप्त प्रजिअ कक्षमा राखिएको एलइडीलाई स्क्रीनको रूपमा प्रयोग गर्ने निश्चित भएको ।<br>यसबाट कार्यालयको समग्र सुरक्षा व्यवस्था प्रबल हुने र भ्रष्टाचार हुने गरेको छैन यद्यपि नभएको सुनिश्चित गर्ने आधारको रूपमा उपयोग हुने विश्वास लिइएको । |
| | **टोकन प्रणाली (QMS) को व्यवस्था** | २ महिना भित्र | जिल्ला प्रशासन कार्यालयमा हुने सेवाग्राहीको उच्च चापलाई व्यवस्थित, वैज्ञानिक र निष्पक्ष बनाउन श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको नवीन सोच एवम् सक्रियतामा टोकन प्रणाली लागू गर्ने निर्णय भएको ।<br>यसका लागि स्रोत व्यवस्थापन गर्न मिति २०७७/१०/२३ गतेको बैंक तथा वित्तीय संस्थाहरूको बैठकको निर्णय नं. ६ मा CSR अन्तर्गतको रकम यस पटकका लागि जिल्लाभित्रका सबै बैंक तथा वित्तीय संस्थाहरूले जिल्ला प्रशासन कार्यालयमा टोकन प्रणालीको विकास गर्न योगदान गर्ने ।<br>त्यस्तो योगदान गर्ने बैंक तथा वित्तीय संस्था तथा प्रमुखको नाम र रकम उल्लेख गरिएको ताम्रपत्र जिल्ला प्रशासन कार्यालय, सल्यानमा टाँस गर्ने निर्णय भएको ।<br>यसबाट जिल्ला प्रशासन कार्यालयको सेवा प्रवाहमा गुणात्मक सुधार आउने र नमूना कार्यालयको रूपमा स्थापित हुने र अन्य सरकारी कार्यालयमा समेत यसको अभ्यास गर्न नैतिक दवाव सिर्जना हुने अपेक्षा गरिएको । साथै यस्ता उत्कृष्ट कार्यको थालनी गर्न सबै कार्यालयहरूलाई निर्देशन गर्ने सोच रहेको । |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ हुने मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | जिल्लाका सबै कार्यालयमा उत्कृष्ट एवम् उत्तम अभ्यास गर्ने सम्बन्धमा । | निरन्तर | जिल्लाका सबै कार्यालयमा उत्कृष्ट एवम् उत्तम अभ्यास गर्ने सम्बन्धमा प्रत्येक कार्यालय प्रमुखको बैठक तथा अन्य अन्तर्क्रियाको आयोजना गर्ने तथा पत्र/परिपत्रबाट निर्देशन गरी निन्तर उत्प्रेरणा, नैतिक दवाव, पुरस्कारबाट प्रतिस्पर्धात्मक भावना जागृत गरी सबै कार्यालय प्रमुख र कार्यालयका कर्मचारीहरूलाई प्रोत्साहित गर्ने । ऊर्जा दिने ।<br>प्रत्येक कार्यालयमा नवप्रवर्तनात्मक कार्यको प्रादुर्भाव गर्न साप्ताहिक, पाक्षिक र मासिक रूपले छलफल गरी विचार विमर्श गर्ने मञ्चको निर्माण गर्न लगाउने ।<br>त्यस्तो मञ्चमा कार्यालय प्रमुख वा शाखा प्रमुखको नेतृत्वमा हरेक हप्ताको शुक्रबार कार्यालयसमयपछि छलफलको आयोजना गर्न लगाउने ।<br>अन्य आवश्यक कार्यहरू परिमार्जित रूपले गर्दै जाने ।<br>त्यस्ता उत्तम कार्यहरूको अन्य निकायहरूमा पनि अवलम्वन गर्न जिल्ला प्रशासन कार्यालयले शेयर गर्ने मञ्च र सहजकर्ताको रूपमा भूमिका निर्वाह गर्ने । |
| | गुण्डागर्दी र दादा प्रवृत्ति अन्तय गर्ने सम्बन्धमा । | निरन्तर | यस सम्बन्धभा श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट जिल्ला प्रहरी प्रमुखलाई पत्राचार गरी त्यस्ता व्यक्तिको विस्तृत सूची तयार गर्न लगाइएको ।<br>होटलमा पैसा नतिर्ने, गाडी भाडा नतिर्ने, पार्क तथा शौचालयमा शुल्क नतिर्ने, अनैतिक रूपले हप्ता वा मासिक असुली गर्ने, चोरी/डकैती गर्ने प्रवृत्ति भएका जुनसुकै व्यक्ति होउन, चाहे जनता वा प्रहरी वा कर्मचारी वा राजनीतिज्ञ तिनको विवरण तयार गरी कानूनबमोजिम नियन्त्रण लिई कारवाही गर्ने ।<br>यस्तो प्रवृत्तिको अन्त्य गरी शान्त, सुरक्षित र कानूनी शासन सहितको सल्यान जिल्ला निर्माण गर्ने । |
| | राप्ती राजमार्ग तथा अन्य सडकको स्तरोन्नति, मर्मत/सम्भार तथा निर्माण सम्बन्धमा । | निरन्तर | यस सम्बन्धमा श्रीमान् प्रजिअज्यूबाट पटक पटक समन्वय, बैठक र फोनमार्फत समेत कुराकानी भएको । भएका तथा भइरहेका कामकारवाहीको गुणस्तरमा ध्यान दिइएको ।<br>कानूनी परिपालना र वातावरणीय मापदण्डको अनुपालनमा प्रजिअबाट वैकल्पिक उपाय निर्देश गरिएको र यसका लागि प्रजिअबाट उच्च चासो राखी सुरक्षित, भरपर्दो, दुर्घटना नहुने गुणस्तरीय प्रकृतिको सडक तथा यातायात सुनिश्चितता गर्ने लक्ष्य लिइएको । |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | नयाँ/उत्कृष्ट/उल्लेखनीय कार्यहरु | शुभारम्भ हुने मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | डढेलो/आगलागी नियन्त्रण | निरन्तर | सल्यानको प्रमुख विपद्को रूपमा रहेको डढेलो नियन्त्रण गर्न श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट वन कार्यालयलाई निर्देशन दिई ढडेलो/आगलागी हुने क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने सोच रहेको ।<br>यही मिति २०७७/११/१७ गते खैराबाङ क्षेत्रमा यस्तो कार्यक्रम आयोजना गर्ने कार्यक्रम तय भएको । यसमा नेपाली सेना नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायतका सुरक्षाकर्मीहरूबाट आगलागी नियन्त्रणको डेमो प्रस्तुत गर्ने तयारी रहेको ।<br>यसरी नै बढी डढेलो लागेका वा लाग्ने गरेका क्षेत्रको पहिचान गरी सबै स्थानमा कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको । |
| | जिल्ला प्रशासन कार्यालय, सल्यानमा नेपाल बै.क लिमिटेडको काउन्टर स्थापना सम्बन्धमा । | २ महिनाभित्र | अपाङ्ग, निरक्षर, वृद्धवृद्धा, गर्भवती महिलालाई लक्षित गरी यस कार्यालयमा नेपाल बेंक लिमिटेडको काउन्टर शाखा स्थापना गर्न श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट नेपाल बैंक लिमिटेड, सल्यान शाखामा अनौपचारिक समन्वय गरी पत्राचार समेत गरिएको । |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी